टीकापुर राष्ट्रिय दैनिक National Daily



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
रानी जमरा कुलरिया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन इकाई
टिकापुर, कैलाली

# आई. पि. एम. कृषक पाठशाला संचालन तथा अनुशरण कार्यक्रममा सहभागी हुने बारेको सूचना !

सूचना नः २१/२०७८/७९

(सूचना प्रकाशित मिति: २०७८/०९/२२)

रानी जमरा कुलरिया सिंचाई आयोजना, कृषि कार्यक्रम कार्यान्वयन इकाई, टिकापुर, कैलालीको आ . २०७८/७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ***"आई.पि.एम.कृषक पाठशाला सन्चालन तथा अनुशरण कार्यक्रम"*** मार्फत कृषक समूहमा बाली अवधिभर एकिकृत शत्रुजीव व्यवस्थापनका विभिन्न पद्धतिहरुको सैद्धान्तिक तथा प्रयोगात्मक पाठशाला संचालन गर्नुपर्ने भएकाले इच्छुक कृषक समूह, जल उपभोक्ता संस्था/समिति र कृषि कार्यमा संलग्न सहकारी संस्थाहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (मिति २०७८/०९/२८ गतेभित्र) यस आयोजनाको कार्यालय टिकापुरमा निवेदन दर्ता गराउन हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। रितपूर्वक प्राप्त निवेदन उपर मात्र कारबाही अघि बढाइने छ।

- **कार्यक्रम सन्चालन हुने क्षेत्र:-** रानी जमरा कुलरिया सिंचाई आयोजनाको कमाण्ड क्षेत्रभित्र
- **प्राविधिक सेवा:-** निशुल्क
- **आवश्यक न्यूनतम क्षेत्रफल:-** २ कठ्ठा
- **सहभागी कृषक संख्या (प्रति पाठशाला):-** न्यूनतम २५ जना
- हालसम्म यस आयोजना मार्फत कुनै बालीमा कृषक पाठशाला संचालन नभएको कृषक समूह, जल उपभोक्ता सस्था/समिति र कृषि कार्यमा संलग्न सहकारी संस्थालाई प्राथमिकता दिईनेछ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. रु १० को हुलाक टिकट टाँसेको निवेदन।
२. कृषक समूह, कृषि सहकारी संस्था र जल उभोक्ता संस्थाको दर्ता, नविकरण, स्थायी लेखा नम्बरको प्रतिलिपी।
३. लालपूर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपी।
४. कृषक पाठशालामा सहभागी हुने कृषकको नाम, पाठशाला संचालन गरिने जग्गा र बालीको विवरण प्रष्ट खुल्ने गरी गरिएको सामूहिक निर्णयको प्रतिलिपि।
५. सम्बन्धित कूलो समितिको सिफारिस पत्र।

**थप जानकारीका लागि**

रानी जमरा कुलरिया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन इकाई
टिकापुर, कैलाली
फोन नं ०९१-५६१४१४, ५६१४१५
www.https://aciu.rjkip.gov.np

# आवेदन फारम

मितिः- .....................

श्रीमान आयोजना कोअर्डिनेटर,
रानी जमरा कुलरिया सिंचाई आयोजना,
कृषि कार्यक्रम कार्यान्वयन इकाई
टिकापुर, कैलाली।

**विषयः आई. पि. एम. कृषक पाठशाला संचालन तथा अनुशरण कार्यक्रमको लागि दरखास्त पेश गरेको बारे ।**

प्रस्तुत विषयमा तहाँ आयोजनाको मिति २०७८/०९/२२ गते प्रकाशित सूचना अनुसार .................. बालीमा *"आई पि एम कृषक पाठशाला संचालन तथा अनुशरण कार्यक्रम"* यस ...... ...... ...... ...... ...... ..... .... कृषक समूह/जल उपभोक्ता/समूह/संस्था/कृषि सहकारीमा संचालन गराई पाउँ भनी तपशिल अनुसारका कागजातहरु संलग्न राखि यो निवेदन पेश गर्दछौं ।साथै कार्यक्रमको लागि छनौट भएमा आयोजनाको कार्यक्रम संचालन कार्यविधि अनुसार सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

<u>संलग्न कागजातहरु</u>

१. रु १० को हुलाक टिकट टाँसेको निवेदन ।
२. कृषक समूह, कृषि सहकारी संस्था र जल उभोक्ता संस्थाको दर्ता, नविकरण, स्थायी लेखा नम्बरको प्रतिलिपी ।
३. लालपूर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपी ।
४. कृषक पाठशालामा सहभागी हुने कृषकको नाम, पाठशाला संचालन गरिने जग्गा र बालीको विवरण प्रष्ट खुल्ने गरी गरिएको सामूहिक निर्णयको प्रतिलिपि ।
५. सम्बन्धित कूलो समितिको सिफारिस पत्र ।

<u>निवेदक</u>

कृषक/समूह/जल उपभोक्ता संस्था/सहकारीको नामः
सम्पर्क व्यक्तिको नामः
ठेगानाः
सम्पर्क नंम्बरः
छापः